# वार्षिक प्रगति विवरण

## आ.व. २०७९/०८०



मण्डनदेउपुर नगरपालिका


## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# मण्डनदेउपुर नगरपालिकाको परिचय

मण्डनदेउपुर नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित छ। नेपालको राजधानी काठमाडौंबाट उत्तर-पूर्व ५५ कि.मि. दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि. रहेको छ। यस नगरपालिका साविक बालुवापाटी देउपुर, गैरीवीसौना देउपुर, नयाँगाउँ देउपुर, महादेवस्थान मण्डन, चण्डेनी मण्डन, जैसीथोक मण्डन र ज्याम्दि मण्डन (१-४ र ६ नं वडा) गा.वि.स गरी सात गा.वि.स.हरु मिलेर सम्वत २०७३ साल फागुन २७ गते राजपत्रमा प्रकाशन पछि स्थापना भएको हो। यस नगरपालिकाको पूर्वमा भुम्लु गाउँपालीका, पश्चिममा भक्तपुर र काठमाडौं जिल्ला, उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा बनेपा र पाँचखाल नगरपालिका रहेको छ। मध्यम पहाडी हावापानी भएको यस नगरपालिकालाई प्रशासनिक रुपमा १२ वटा वडामा विभाजन गरिएको छ। २०७८ सालको जनगणना बमोजिम यस नगरपालिकामा ७९२४ परिवारमा कुल ३०३८१ जना बसोबास गर्दछन्, जसमा पुरुष १४८५३ र महिला १५५२८ रहेका छन् । त्यसैगरी, यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर -०.६९, लैङ्गिक अनुपात ९५.६५ र जनघनत्व ३४१ प्रति वर्ग कि.मी. रहेको छ।




यस नगरपालिकामा विशेष गरी हिन्दु, बौद्ध र इशाई धर्मावलम्बीहरुको बसोबास रहेको छ। यहाँ ब्राह्मण, क्षेत्री र तामाङ्ग जातिको बाहुल्यता रहेको छ। यहाँका नागरिकहरुले कृषि, पशुपालन, व्यापार र पर्यटन व्यवसायलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन्। धुलिखेल, बनेपा र काठमाडौं उपत्यकाबाट नजिक रहेकोले यस नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ। यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र विक्री हुने गरेको छ। भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन्।

# विषयगत वार्षिक उपलब्धी

मण्डनदेउपुर नगरपालिकाबाट चालू आ.व २०७९/०८० को समिक्षा अवधि सम्ममा विनियोजन ऐन २०७९ ले विनियोजन गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनबाट देहाय बमोजिमको प्रगति प्राप्त भएको छ ।

## वित्तिय प्रगति

आ.व. २०७९/०८० को जेष्ठ मसान्त सम्म नगरपालिकाको आय तथा खर्चको अवस्था तालिका नं. १ र २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ आर्थिक वर्ष २०७९/८० जेठ मसान्त सम्मको आयको स्थिती**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| संघीय सरकार | ४०१४०००००. | ३८२६५३५००. | ९५.३३ | १८७४६५००. | |
| १३३११ समानिकरण अनुदान | १२४५०००००. | १०८९३७५००. | ८७.५ | १५५६२५००. | |
| १३३१२ शसर्त अनुदान चालु | २३८००००००. | २३९९४१०००. | १००.८ | -१९४१०००. | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २०९०००००. | १५७७५०००. | ७५.५ | ५१२५०००. | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १८००००००. | १८००००००. | १००. | ०. | |
| प्रदेश सरकार | ६१३८१०००. | ६१३८१०००. | १०० | ० | |
| १३३११ समानिकरण अनुदान | ११५४८०००. | ११५४८०००. | १०० | ० | |
| १३३१२ शसर्त अनुदान चालु | २१९३४०००. | २१९३४०००. | १०० | ० | |
| १३३१६ समपुरक अनुदान चालु | २७८९९०००. | २७८९९०००. | १०० | ० | |
| राजस्व बाडफाड | १६७७३७०००. | ८४२९७०७८.८९ | ५०.२६ | ८३४३९९२१.११ | |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ५००००००0. | १८८२७३५०.१४ | ३७.६५ | ३११७२६४९.८६ | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९५१०७०००. | ४५८७८६५६.४ | ४८.२४ | ४९२२८३४३.६ | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २२६३००००. | १९५६१६८५.१५ | ८६.४४ | ३०६८३१४.८५ | |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | २९,३८७.२० | | -२९३८७.२ | |
| अन्तरिक श्रोत | ४१८८८४५२६. | १९५०५९८४६.९ | ४६.५७ | २२३८२४६७९.१ | |
| ११३१३ एकीकृत सम्पती कर | २७००००००. | ५२३५३४७.४३ | १९.३९ | २१७६४६५२.५७ | |
| ११३२१ घरवहाल कर | १००००००. | १६४५७७१.३२ | १६४.५८ | -६४५७७१.३२ | |
| ११३२२ वहाल विटौरी कर | १५००००००. | ० | ०. | १५००००००. | |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | २५००००००. | १८२८२२०. | ७.३१ | २३१७१७८०. | |
| १४१९१ पर्यटन शुल्क | २००००००0. | ० | ०. | २००००००0. | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३५०००००. | २७०३८१९.८९ | ७७.२५ | ७९६१८०.११ | |
| १४२४२ नक्सापास दस्तुर | १५००००००. | ३५,५४४.०० | ०.२४ | १४९६४४५६. | |
| १४२४३ सिफारिश दस्तुर | ९४०००००. | ४८३६७३२.८१ | ५१.४५ | ४५६३२६७.१९ | |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८०,०००.०० | १३५९६०. | १६९.९५ | -५५९६०. | |
| १४२४५ नाता प्रमाणित दस्तुर | १२००००. | २८,२५०.०० | २३.५४ | ९१७५०. | |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ६०००००. | २८२४७२. | ४७.०८ | ३१७५२८. | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२१२२ बैंक मौज्दात | १४२२००००० | १४२३५९५८५. | १००.११ | -१५९५८५. | |
| १४१५७ दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने | ५९९८४५२६. | ३५९६८१४४.४५ | ५९.९६ | २४०१६३८१.५५ | |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | १००००००००. | ० | ०. | १००००००००. | |
| जम्मा | १०४९४०२५२६. | ७२३३९१४२५.७९ | ६८.९३ | ३२६०११९००.२१ | |

संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रकमको चौंथो किस्ता रकममा ५० प्रतिशत रकम कटौति भएकोले समानिकरण अनुदान रकम रु. १५५६२५००/- प्राप्त नहुने देखिन्छ ।

## तालिका नं. २ आर्थिक वर्ष २०७९/०८० को खर्चको यथार्थ संक्षिप्त विवरण

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५४८८६३१४४.०० | ३३,२०,३५,५२४.९५ | ६०.५० | २१६८२७६१९.०५ |
| पूंजीगत | ५००५३९३८२.०० | २५,२१,२६,९९७.०० | ५०.३७ | २४८४१२३८५.०० |
| जम्मा | १०४९४०२५२६.०० | ५८,४१,६२,५२१.९५ | ५५.६६ | ४६५२४०००.०५ |

## तालिका नं. ३ आर्थिक वर्ष २०७९/८० को जेठ मसान्त सम्मको आय तथा खर्चको यथार्थ स्थिती

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | हाल सम्मको खर्च | खर्च(%) | कैफियत |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | ४०१४००००० | ३८२६५३५००. | ९५.३३ | २८७९०७४४९.८ | ७१.७३ | |
| १३३११ समानिकरण अनुदान | १२४५००००० | १०८९३७५००. | ८७.५ | ७३८०१०३२. | ५९.२८ | |
| १३३१२ शसर्त अनुदान चालु | २३८००००००. | २३९९४१०००. | १००.८२ | १८९६१९६९१.८ | ७९.६७ | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २०९००००० | १५७७५०००. | ७५.४८ | ६८८१०५६. | ३२.९२ | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १८००००००. | १८००००००. | १००. | १७६०५६७०. | ९७.८१ | |
| प्रदेश सरकार | ६१३८१०००. | ६१३८१०००. | १००. | ३१३१४६३७. | ५१.०२ | |
| १३३११ समानिकरण अनुदान | ११५४८०००. | ११५४८०००. | १००. | २३०१४६१. | १९.९३ | |
| १३३१२ शसर्त अनुदान चालु | २१९३४०००. | २१९३४०००. | १००. | १०३२७३७०. | ४७.०८ | |
| १३३१६ समपुरक अनुदान चालु | २७८९९०००. | २७८९९०००. | १००. | १८६८५८०६. | ६६.९८ | |
| राजस्व बाडफाड | १६७७३७०००. | ८४२९७०७८.८९ | ५०.२६ | ७९४४३७८७.७५ | ४७.३६ | |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ५००००००० | १८८२७३५०.१४ | ३७.६५ | | ०. | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९५१०७०००. | ४५९०८०४३.६ | ४८.२७ | ६९१२९८९०.२५ | ७२.६९ | |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २२६३००००. | १९५६१६८५.१५ | ८६.४४ | १०३१३८९७.५ | ४५.५८ | |
| अन्तरिक श्रोत | ४१८८८४५२६. | १९५०५९८४६.९ | ४६.५७ | १८४०००६४७.४ | ४३.९३ | |
| आन्तरिक आय | ११६७००००० | १६७३२११७.४५ | १४.३४ | १७०१६८६४७.४ | १०६.९६ | |
| ३२१२२ बैंक मौज्दात | १४२२००००० | १४२३५९५८५. | १००.११ | | | |
| १४१५७दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५९९८४५२६. | ३५९६८१४४.४५ | ५९.९६ | १३८३२०००. | २३.०६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | १००००००००. | ० | ०. | | ०. | |
| जम्मा | १०४९४०२५२६. | ७२३३९१४२५.७९ | ६८.९३ | ५८४१६२५२१.९५ | ५५.६६ | |

आ.व. २०७८/०७९ बाट अल्या भई आ.व. २०७९/०८० मा बैंक मौज्दात स्रोत भएका योजना तथा कार्यक्रमहरुको फर-फारकका क्रममा खर्च भौचर उठेको तर कर कट्टी रकम दाखिला नभएकोले खर्च प्रतिशत धेरै भएको देखिन्छ ।

# परिमाणात्मक उपलब्धिहरू:

## १. खानेपानी तथा सरसफाई

आ.व. २०७९/०८० को समिक्षा अवधिमा खानेपानी तथा सरसफाई तर्फ तालिका नं. ४ बमोजिमको संरचना तयार भएको छ ।


**तालिका नं. ४ खानेपानी तथा सरसफाई संरचना**

| वडा नं. | इन्टेक संख्या | RVT | धारा | पम्प | हिल ट्याङ्की | HDPE Pipe (M) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | ० | २*२००० लि. | २५०० | |
| २ | ८ | ५ | १६३ | १*१० HP | १*३००० लि. | १९७० | ठेक्का बाहेक |
| ३ | ३ | १ | ३३ | ० | ० | ३३०५ | |
| ४ | १ | ० | २ | ० | ० | २७० | |
| ५ | १ | ३ | ७ | १*१ HP | ० | १२८५ | |
| ६ | ३ | २ | १४६ | १*१० HP | ० | ९१५० | |
| ७ | ० | ० | ० | ३<br>१*३HP<br>१*१HP<br>१*१५HP | ० | १९२ | |
| ८ | ० | ० | ३९६ | ० | ० | १९५० | ठेक्का बाहेक |
| ९ | २ | ० | १३५ | ३*२HP | २*२००० लि. | ३९४७ | |
| १० | १ | ० | २६ | ३<br>१*२५HP<br>१*७.५HP<br>१*२HP | २*२००० लि. | ४८८२ | |
| ११ | ३ | २ | १२ | १*७HP | १*२००० लि. | ३४०० | |
| १२ | ० | ० | ० | १*१०HP | ० | ९९० | |
| **जम्मा** | **२३** | **१३** | **९२०** | **१४** | **९ लि.** | **३३८४१** | |














## सडक पूर्वाधारः

चालू आ.व.को समिक्षा अविधिको अन्त्य सम्ममा आई पुग्दा गत आ.व.हरुका क्रमागत योजना तथा कार्यक्रम तथा चालू आ.व.का योजना तथा कार्यक्रमहरुको कार्यान्वयनबाट तालिका नं. ५ बमोजिमको सडक पूर्वाधारको भौतिक प्रगति प्राप्त भएको छ ।

**तालिका नं. ५ सडक पूर्वाधार**

| क्र.स | सडक पूर्वाधार विवरण | इकाइ | गत आ.व. सम्म | यस आ.व.मा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नयाँ सडक खन्ने कार्य | कि.मि. | ३२.७ | १२.८ | ४५.५०० | |
| २ | पक्कि नालि | मि. | २४८७.० | २,८८४.० | ५३७१.००० | |
| ३ | आरसिसि ढलान को काम | मि. | ४६७.८ | १,०८९.५ | १५५७.३०४ | |
| ४ | कल्भर्ट को काम | वटा | ८.० | २.० | १०.००० | |
| ५ | कालोपत्रे सडक निर्माण | कि.मि. | १४.९ | ९.८ | २४.७०० | |
| ६ | कालोपत्रे सडक निर्माण | कि.मि. | | १२.५ | १२.५ | संघ र प्रदेशद्वारा निर्माण भएको |
| ७ | नर्वदा निखे झोलुङ्गे पुल तथा घट्टेखोला ट्रस वृज | नम्बर | | | २ वटा | |



नगरकोट नयाँगाउँ सडक



ढाइटार भवानी आ.वि. सडक


हिंगुवापाटी दोलालघाट सडक


नयाँगाउँ नगरकोट सडक


नयाँगाउँ नगरकोट सडक (मकैवारी खण्ड)


महादेवस्थान-पौवा सडक


नर्वदा निखे झोलुङ्गे पुल


RCC सिंचाइ कुलो

## सिँचाइ पूर्वाधारः

चालू आ.व.को समिक्षा अविधिको अन्त्य सम्ममा तालिका नं. ६ बमोजिमको सिँचाइ पूर्वाधारको भौतिक प्रगति प्राप्त भएको छ ।

**तालिका नं. ६ सिँचाइ पूर्वाधार**

| क्र.सं. | सिँचाइ पूर्वाधार विवरण | इकाइ | गत आ.व. सम्म | यस आ.व.मा | जम्मा | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | ज्यामी लगाइ माटो खन्ने कार्य | घ.मि. | ३९६१.८ | १,५०० | ५४६१.८ | |
| २ | आरभिटि ट्र्यांकी | वटा | ४.० | २ | ६.० | |
| ३ | भल्ब बक्स/च्याम्बर | वटा | १८.० | १० | २८.० | |
| ४ | घेराबार | मिटर | १२०.० | ५० | १७०.० | |
| ५ | एचडिपिइ पाइप | मिटर | ६८३६.० | २,००० | ८८३६.० | |
| ६ | आर सि सि कुलो निर्माण | मिटर | ११४८.२ | ४०० | १५४८.२ | |

## भवन तथा आवासः

चालू आ.व.को समिक्षा अविधिको अन्त्य सम्ममा तालिका नं. ७ बमोजिमको भवनहरु निर्माण सम्पन्न भएको छ ।

**तालिका नं. ७ भवन संरचना**

| क्र.सं. | भवन | भवनको विवरण | सम्पन्नताको अवस्था | कैफीयत |
|---|---|---|---|---|
| १ | नगर प्रशासनिक भवन | | सम्पन्नताको अन्तिम चरणमा रहेको | |
| २ | नगर अस्पताल भवन | | ५ शैय्याको नगर अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा रहेको | |
| ३ | वडा कार्यालय भवन | ❖ वडा नं. १<br>❖ वडा नं. ६ | भुई तल्ला निर्माण सम्पन भई वडा कार्यालय सञ्चालन गर्न तयार भएको | |

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय भवन | ❖ चण्डेनी मा.वि: ४ कोठे पक्कि भवन<br>❖ नगरहोप आ.वि: ४ कोठे पक्कि भवन<br>❖ नन्दज्योति आ.वि: ४ कोठे पक्कि भवन<br>❖ भवानी आ.वि., सालठाटीः २ कोठे भवन | | |
| ५ | सामुदायिक भवन/मन्दिर/ट्रस | चालू आ.व.मा ३१ वटा | | |





# नगर प्रशासनिक भवन



मानेडाँडा कालिदेवी मन्दिर





भिमसेन मन्दिर, वडा नं. १०



इन्द्रेश्वर मन्दिर, सिपाघाट



चण्डेनी मा. वि.



नगरहोप आ.वि.

## शौर्य सडक बत्तीः

आ.व. २०७८/०७९ सम्म नगरपालिकाको विभिन्न स्थानहरूमा जम्मा ६६ वटा सोलार बत्ती जडान गरिएकोमा चालू आ.व.मा थप १७ वटा सोलार बत्ती खरिद भई जडान भईरहेको छ।





## स्वास्थ्य भवन निर्माण तर्फ

| क्र.सं. | कार्य बिवरण |
|---|---|
| १ | गत आ.व.हरुमा नै वार्ड न १, ६, ४, ९, १०, ५  र १२ मा गरी कुल सात वटा नयाँ खोप केन्द्रको निर्माण कार्य सम्पन्न भइ सोही भवन बाट सेवा सुचारु भइसकेको |
| २ | गत आ.व.हरुमा नै वार्ड न १, ४, ६, ८ र ९ मा स्वास्थ्य सेवा केन्द्र निर्माण सम्पन्न भइ सोही भवन बाट सेवा सुचारु भइसकेको |

# स्वास्थ्य संस्थाको विवरण

### अस्पतालः मण्डनदेउपुर नगरपालिकाको ५ शैय्याको नगर आधारभूत अस्पताल

| कार्यरत जनशक्ति | | हालसम्म सेवा लिनेको संख्या | |
|---|---|---|---|
| पद/तह | संख्या | सेवा | संख्या |
| मेडिकल अधिकृत | १ | ओ पि डि सेवा | ५६७२ |
| हेल्थ ईनिस्पेक्सन (छैंठौं तह) | १ | प्रयोगशाला सेवा | १२७४ |
| स्टाफ नर्स (नर्सिङ पाँचौ तह) | १ | गर्भवति जाँच | ११५ |
| अ.हे.व., हेल्थ ईनिस्पेक्सन (चौथो तह) | १ | प्रसुति सेवा | ३५ |
| नर्सिङ (चौथो तह) | २ | सुत्केरी सेवाका लागि निशुल्क एम्वुलेन्स सेवा | ३९ |
| ल्याव टेक्निसियन | १ | गर्भवतिका लागि निशुल्क भीडियो एक्सरे सेवा | १०७ |
| कार्यालय सहयोगी | ३ | | |







मण्डनदेउपुर आधारभूत अस्पताल

## स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य सेवा केन्द्रः

मण्डनदेउपुर नगरपालिकामा ७ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र २ वटा शहरी स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जसबाट आ.व. २०७९/०८० को समिक्षा अवधिमा २२३१५ जना सेवाग्राहीले सामान्य स्वास्थ्य जाँच, नियमित खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, क्षयरोग, नसर्ने रोग जाँच लगायतका सेवा प्राप्त गरेका छन्। यस नगरपालिका अन्तर्गत १७ वटा गाउघर क्लिनिक तथा ३३ वटा खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन्।



चण्डेनी हेल्थ पोष्ट

## कार्यरत जनशक्ति

| पद/तह | संख्या |
|---|---|
| हेल्थ ईनिस्पेक्सन (छैंठौं तह) | ५ |
| सि.अ.न.मी. (नर्सिङ छैंठौं तह) | ३ |
| हेल्थ ईनिस्पेक्सन (पाँचौं तह) | ७ |
| नर्सिङ (पाँचौं तह) | १२ |
| हेल्थ ईनिस्पेक्सन (चौंथो तह) | ७ |
| नर्सिङ (चौंथो तह) | ७ |
| कार्यालय सहयोगी | १५ |
| महिला स्वास्थ्य स्वयमसेविका | ६८ |



ढाँडागाँउ आधारभूत स्वास्थ्य सेवा केन्द्र

## आ व २०७९/२०८०को प्रगती वितरण

सशर्त कार्यक्रम निर्देशिका अनुसार करिव ९२ प्रतिशत सम्पन्न

**बाल स्वास्थ्य**

- नियमित खोप तालिका अनुसार वैशाख अहिना सम्म पूर्ण खोप लगाउने वालवालिका ८८.७ प्रतिशत
- ६ महिना देखि ५ वर्ष सम्मका वालवालिका पोषण जाँच जम्मा २१२६ जनाको पोषण जाँच १४ जना कुपोषित वालवालिकाको उपचार

**सुरक्षित मातृत्व**

- नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थामा पहिलोपटक गर्भ जाँच गराएका गर्भवति महिला संख्या २८५ जना
- नगर अस्पताल वाट निशुल्क भिडियो एक्सरे सेवा १०७ जना
- नगरपालिका भित्र संचालित प्रसुति केन्द्र वाट सेवा लिने संख्या १०२ जना
- प्रसुति सेवाकालागि निशुल्क एम्वुलेन्स सेवा लिने संख्या ३९ जना
- गर्भवतिका लागि निशुल्क आईरन चक्की वितरण ।

**विद्यालय पोषण**

- करिव १८६७ किशोरीले  नर्सिङ कर्मचारीको उपस्थितिमाहप्ताको एक पटकका दरले  २६ हप्ता आईरन खाएको र ४८५३ छात्र छात्रा र शिक्षक कर्मचारीले दुईपटक जुकाको औषधि खाएको ।
- ईकोहिमाल नेपाल संगको सहकार्यमा करिव ८१७ जना वालवालिकाको आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य शिविर संचालन २३१ जना वालवालिकाको दाँत उपचार २८ जनालाई निशुल्क चस्मा वितरण
- विद्यालय नर्स द्वारा पोषण कक्षा संचालन ।
- माहामारी जन्य रोगका विषयमा कक्षा संचालन ।

**महामारी व्यवस्थापन**

- डैङ्गि रोग वारे प्रचारप्रसार सचेतना कार्यक्रमः निःशुल्क डेङ्गी परिक्षण, ४८ जना पोजेटीभ पोजेटिभ विरामीको प्रथमिक उपचार र फलोअप
- रेविज विरुद्ध खोजि तथा प्रचार प्रसार विद्यालय स्वास्थ्य र पालिका स्थित नगर अस्पतालमा रेविज विरुद्ध खोप निशुल्क व्यवस्था हाल सम्म ६७ जनालाई निशुल्क खोप लगाईएको

**जेष्ठ नागरिक**

तिलगंगा आँखा अस्पताल र ईन्द्रावति सामुदायिक सेवाकेन्द्रको सहकार्यमा निशुल्क आँखा परिक्षण नगरपालिका भित्रका ४३ जनाको निशुल्क मोतियाविन्दु अप्रेसन तथा अप्रेशन गरेका विरामीलाई यातायात खर्च वितरण ।

**महिला प्रजनन् स्वास्थ्य**

- शिरमेमोरियल अस्पताल र सामाजिक विकास संस्थाको सहकार्यमा प्रजनन् स्वास्थ्य शिविर संचालन करिव ७३५ जनाको स्वास्थ्य जाँच  १७ जना भि आई ए पोजेटिभको उपचार तथा १३ जनालाई रिङप्रेसरि र ११ जनाको अप्रेशन सम्पन्न ।
- धुलिखेल अस्पताल संगको सहकार्य १३३ जना महिलालाई विशेषज्ञ सेवा ७जना भी आई ए पोजेटीभ १३ जना विशेष उपचार आवश्यक ११३ को उपचार

**नसर्ने रोग कार्यक्रम**

- उमेर समुह ३० वर्ष माथिका व्यक्ति हरुको वार्षिक २ पटक रगतमा सुगर जाँच व्यवस्था २०८० जेठ सम्म २७६५ जनाको जाँच ३२१ जना (११.६ प्रतिशत) लाई वढि देखिए र उपचार सुरु ।

- उमेर समुह ३० वर्ष माथिका व्यक्तिहरु मध्ये ४३७३जनाको रक्तचाप जाँच गर्दा ४१९ जना (९.६६ प्रतिशत)मा वढि भएकोले उपचार सुरु ।
- उमेर समुह ३० वर्ष माथिका व्यक्तिहरु मध्ये ४७९ जनाको पिसाव परिक्षण ५७ (११.८९ प्रतिशत) जना मा समस्या देखिएकोले प्रेषण गरेको
- सवै स्वास्थ्य संस्था वाट नसर्ने रोग स्क्रीनिङ सुरु ढाँडागाँउ वालुवापाटी नयाँगाउ गैह्रीविसाउना जैसिथोक चण्देनी र ज्याम्दीमा प्रारम्भिक उपचार गर्ने व्यवस्था गरिएको छ ।

## शिक्षा, युवा तथा खेलकुद

**विषयगत शिक्षक दरवन्दीः** माध्यमिक तहमा १७ वटा, निम्न माध्यमिक तहमा १४ वटा, बालविकासमा ८ वटा र १ वटा विद्यालय लेखापाल गरी जम्मा ४० वटा शिक्षक तथा विद्यालय कर्मचारीको दरवन्दी व्यवस्थापन ।आ.व. २०७८/०७९ सम्ममा ८ वटा वडा स्तरीय खेलकुद मैदान निर्माण भएकोमा चालू आ.व.मा थप एक खेलकुद मैदान निर्माण भएको छ । यद्यपि निर्माण भएका खेलकुद मैदानहरुको स्तर सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।



**मण्डनदेउपुर नगरपालिका-८, डाँडागाउँ खेलकुद मैदान**



**शिक्षकहरुसँगको अन्तरकृयाः** नगरपालिकाका बाल विकास तह देखि कक्षा १२ सम्मका सम्पूर्ण शिक्षकहरुलाई उत्तपेरीत गर्नका लागि शिक्षाविदहरुको उपस्थितीमा वृहत अन्तरकृया ।



**नगर स्तरीय अतिरिक्त क्रियाकलाप संचालनः**

नगरपालिकाले विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गर्नका लागि तह गत रुपमा विभिन्न प्रतियोगीता संचालन ।









**नगरपालिकाको शौक्षिक गुणस्तर बृद्धिका लागि विभिन्न सरोकर वालासँग कार्यशाला संचालनः** नगरको शैक्षिक विकासका लागि प्र.अ., वि.व्य. अध्क्षय, पि टि ए अध्क्षयहरु तथा जनप्रतिनिधिहरुसँग कार्यशाला संचालन ।




**शिक्षक विद्यार्थी सम्मान कार्यक्रमः** उत्कृष्ट शौक्षिक उपलब्धी हासिल गर्ने विद्यार्थी, शिक्षक, प्र.अ. र विद्यालय व्यवस्थापन अध्यक्षतालाई सम्मान कार्यक्रम ।



**शौक्षिक क्यालेन्डर निर्माण तथा विद्यार्थी गृहकार्य डायरी वितरणः** नगर भित्रका सम्पूर्ण समुदायिक तथा संस्थागत विद्यालयहरु बिच एकरुपता ल्याउन क्यालेन्डर तथा ६००० प्रति विद्यार्थी गृहकार्य डायरी वितरण ।



**शिक्षक पेशागत तालिम सञ्चालनः** शिक्षकहरुको पेसागत क्षमता विकास गर्नको लागि आवश्यकतामा आधारित शिक्षक तालिम वालविकास सहयोगी कार्यकर्ता तालिम IEMIS सम्वन्धी अभिमुखीकरण विद्यालय जिन्सी तथा लेखापालन सम्वन्धी तालिम सञ्चालन तथा व्यवस्थापन गरी शैक्षिक गुणस्तर तथा विद्यालय सुशासन कायम भएको




**नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताः** नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडी उत्पादनमा सहयोग पुगेको






**विद्यालय शिक्षाको परीक्षा सञ्चालन तथा व्यवस्थापनः** कक्षा १ देखि १० सम्मका सामुदायिक र संस्थागत विद्यालयको परीक्षामा एकरुपता आई शैक्षिक गुणस्तर मापन गरिएको

**शैक्षिक उपलब्धि**

| क्र. स. | शैक्षिक सत्र | कक्षा ३ | कक्षा ५ | कक्षा ८ | कक्षा १० |
|---|---|---|---|---|---|
| १ | २०७६ | ७२.१०% | ४२.३२% | ४३% | ४२.७६% |
| २ | २०७७ | - | - | - | ४८.६८% |
| ३ | २०७८ | - | ३७.०१% | ५८.१४% | ४४.४५% |
| ४ | २०७९ | - | ४३.९९% | ५१.१९% | ४४.४५% |

**स्थानीय पाठ्यक्रम निर्माणः**


कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई पठनपाठन सुरु भएको



**मातृभाषा शिक्षणः**

कक्षा १-३ सम्म तामाङ र डोने मातृ भाषाको पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक निर्माण गरी मातृभाषामा पठनपाठन सुरु गरिएको ।







**वालमैत्री नमुना विद्यालय विकास कार्यक्रमः**


१-१ वटा मा. वि., नि. मा. वि.  प्रा. वि. तथा वालविकासमा विद्यालयमा कार्यक्रम सञ्चालन गरी वालमैत्री विद्यालयको वातावरण कायम भएको ।





**विद्यालयको शैक्षिक गुणस्तर वृद्धि अन्तर्गतः** २ वटा माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला ३ वटा विद्यालयमा पुस्तकालय तथा २ वटा विद्यालयमा कमप्युटर ल्यावको स्थापना गरियो ।





## गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

**१. वडा स्तरीय अभिमुखिकरण कार्यक्रमः** वडा नं. ४, ५, ८ र १० गरी ४ वटा वडाहरुमा कार्यक्रम संचालन, बस्ती छनौट, कार्यक्रमको चरणहरुको बारेमा जानकारी ।



**२. सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रमः** श्रोत पहिचान,सामाजिक नक्सा,गतिशिल नक्सा,मौसमी पात्रो तयार भएको ।



**३. घरधुरि सवेक्षण कार्यक्रमः** १०० वटा घरपरिवार सर्वेक्षण फाराम र ९८ वटा सम्भाब्य उद्यमीहरुको फाराम भरिएको ।



४. **समुह गठनः** ८ वटा समुहहरु गठन गरि समुहको नामाकरण तथा पदाधिकारीहरु छनौट गरिएको ।




५. **उद्यमशिलता तालिम सहजिकरणसीप विकास तालिम सहजीकरणाः** ७७ जना सहभागिहरुलाई उद्यमशिलता तालिम दिई सिप विकास तालिम लिनको लागि तयार गरिएको ।



६. **सीप विकास तालिमः** ३३ जनालाई सिलाइ बुनाइ तालिम, १५ जनालाई बाख्रा पालन तालिम, ७ जनालाई तरकारी खेती तालिम, ३ जनालाई मोटर साइकल मर्मत तालिम र १५ जनालाई गलौचा बुनाइ तालिम प्रदान गरिएको ।






## प्रधानमन्त्री रोजगार कार्यक्रम

यस आ.व. २०७९/०८० मा ८० जना सुचीकृत बेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्युनतम रोजगारी प्रदान गरीएको ।वडा नं. ८ मा झोलुंगे पुल देखि थुम्की मिजारटोल सम्म ४५० मिटर सिढी निर्माण हुने ।





## विगतका कार्यक्रमहरुको प्रविधि हस्तान्तरण सम्बन्धी केही झलकहरु:








### रोजगार प्रवर्द्धन कार्यक्रम




- वडा नं. ७, ८, ९ र १० मा हिगुवा वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श, जुडिगाउँ वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श, सेतिदेवि वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श, रामजानकी वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श समुह गठन गरि २१ हप्ता वित्तीय साक्षरता सम्बन्धी कक्षा सञ्चालन गरिएको ।



- ४६ जनालाई मनोपरामर्श सेवा प्रदान गरीएको ।
- समुदाय र गहन अभिमुखिकरण कार्यक्रमः १२ वडा र २ वटा वडामा सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।



- स्थानीय तहको पाश्र्व चित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन गरी समावेश गर्नलाई अभिमुखिकरण कार्यक्रम

# वातावरण तथा विपद् व्यवस्थापन

कोभिड-१९ बाट रोजगारी गुमाएका ५८७ घर परिवारहरुलाई जनही रु. १०,००० का दरले नगद हस्तान्तरण गरिएको ।




- ❖ चालू आ.व.मा विपद् व्यवस्थापन तथा विपद्जन्य क्षति न्यूनिकरणका लागि ५०० थान ग्याविन जाली खरिद भई २७९ थान ग्याविन जाली वितरण भएको तथा हाल २२१ थान ग्याविन जाली मौज्दात रहेको छ ।

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

**जिल्ला :** काभ्रेपलान्चोक **गा.पा/न.पा. :** मण्डनदेउपुर **दर्ता मिति देखि:** २०७९-०१-०१ **दर्ता मिति सम्म:** २०७९-१२-३०

| गा वि स/न.पा. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| मण्डनदेउपुर | ५९२ | ४६६ | | १०५८ | १७९ | १८० | | ३५९ | २५ | ५७२ | ३० | ९० | ४० | ११५ | | २०८४ |
| **जम्मा** | ५९२ | ४६६ | | १०५८ | १७९ | १८० | | ३५९ | २५ | ५७२ | ३० | ९० | ४० | ११५ | | २०८४ |

# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या

| आ.व. | अन्य जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक भत्ता (दलित) | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता) | क बर्ग | ख बर्ग (आर्थिक सहायता) | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| ०७८-०७९ | १९१८ | १५४ | ४५३ | ५५५ | ९० | २१५ | ३१५ | ३७०० |
| ०७९-०८० | २४३९ | १४१ | ३५३ | ५६१ | ८८ | २१४ | ३१० | ४१०६ |
| **फरक संख्या** | ५२१ | -१३ | -१०० | ६ | -२ | -१ | -५ | ४०६ |

यस नगरपालिकामा दर्ता तथा सुचिकृत भई नविकरण भएका फर्म/कम्पनी/व्यवसाय, सहकारी, संघसंस्था, टोल विकास संस्था/उपभोक्ता समिति, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रहरुको विवरणः

| क्र.सं. | विवरण | हालसम्म दर्ता/सूचीकृत | आ.व. २०७९/०८० को जेठ मसान्तसम्म नविकरण भएका | कैफियत |
|---|---|---|---|---|
| १ | सहकारी | ९२ | ४७ | |
| २ | टोल विकास संस्था तथा उपभोक्ता समिति | १०८ | ६५ | |
| ३ | कृषि तथा पशुपालन फर्म | २४६ | ५२ | |
| ४ | फर्म/कम्पनी/व्यवसाय | ३०९ | ५९ | |
| ५ | संघ-संस्था | ४६ | ११ | |
| ६ | घ वर्ग इजाजतपत्र | २४ | १५ | |

**नोटः** *चालू आ.व.मा यस नगरपालिकामा कारोवार गर्नकोलागी हाल सम्म १०७ वटा फर्म तथा कम्पनी सूचिकृत रहेका छन ।*

## नगरपालिका तथा मातहतमा रहेका सवारीसाधनहरुको विवरण

| क्र.स. | सवारी साधन | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मिनि ट्रक | १ | चालु अवस्थामा रहेको |
| २ | महेन्द्राको स्कारपियो | १ | चालु अवस्थामा रहेको |
| ३ | टोयोटाको ल्याडक्रुजर | १ | चालु अवस्थामा रहेको |
| ४ | महेन्द्राको बुलेरो | २ | चालु अवस्थामा रहेको |
| ५ | TATA सुमो | १ | चालु अवस्थामा रहेको |
| ६ | एम्बुलेन्स | २ | चालु अवस्थामा रहेको |
| ७ | ब्याक हो लोडर | २ | चालु अवस्थामा रहेको |
| ८ | मोटरसाइकल | २७ | चालु अवस्थामा रहेको |
| ९ | स्कुटर | ७ | चालु अवस्थामा रहेको |

## जग्गा जमिन तथा सम्पतिहरु

| भवन | जग्गा क्षेत्रफल |
|---|---|
| १. प्रशासनिक भवन | २३-५-०-३ |
| २. आधारभुत अस्पताल | ५-४-०-० |
| ३. ३ नं. वडा कार्यालय | १-१३-१-२ |
| ४. ६ नं. वडा कार्यालय | ०-१५-०-३ |
| ५. ७ नं. वडा कार्यालय | ३-२-०-० |
| ६. ९ नं. वडा कार्यालय | ०-८-०-० |
| ७. १० नं. वडा कार्यालय | ३-०-०-० |

# न्यायिक समिति




- **मेलमिलाप केन्द्रमा विवादमा सहजीकरणः** मेलमिलाप केन्द्रमा करीब १५ वटा विवाद समाधान भएको
- **लैगीक हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रिय नारी दिवस अन्तरक्रिया कार्यक्रमः** सबै वडाहरुबाट सहभागीतामा सचेतनामुलक कार्यक्रम सञ्चालन भएको तथा महिला अधिकार दिवस मनाईएको जसबाट करीब ४०० जनामा सचेतिकरण भएको



- **मेलमिलाप सम्बन्धि आठ दिवशिय आधारभूत तालिमः** आठ दिनको आधारभूत तालीम सम्पन्न भएको जसबाट रिक्त र अपुग भएका मेलमिलापकर्ताहरुको संख्या पुर्ति भएको, नव युवा तथा शिक्षित मेलमिलापकर्ताको प्रवेशले मेलमिलाप केन्द्रमा सहज हुने अपेक्षा रहेको
- मेलमिलापकर्ताहरुका लागी मेलमिलाप सम्बन्धी पुजी तालीम सम्पन्न
- **वडा मेलमिलाप केन्द्र मासीक बैठकः** ६ महिनाको बैठक सपन्न भएको
- **नगर मेलमिलाप केन्द्रको मासीक बैठक सञ्चालनः** ६ महिनाको सम्पन्न

# महिला, बालबालिका तथा जेष्ठ नागरिक

- ७२ जना महिलाहरुको लागि उद्घोषण तथा भाषण कला तालिम सञ्चालन
- **बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमः** ११४ जनाको उपस्थितिमा बालमैत्री स्थानीय तह निर्माणका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न
- **लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालनः** जिल्ला समन्वय समितिको आयोजनामा नगरपालिकाबाट करीब ४०० जनाको सहभागिता
- **अन्तराष्ट्रिय महिला दिवसः** १९ टिमको सहभागितामा जनचेतनामूलक लोक गित प्रतियोगिता सम्पन्न
- **अपाङ्गता भएका व्यक्तिहरुको लागि शिविर सञ्चालनः** चालू आ.व.मा ३ वटा शिविरबाट ६ जनालाई क वर्गको, ९ जनालाई ख वर्ग, १९ जनालाई ग वर्ग तथा १७ जनालाई घ वर्ग गरि कूल ५१ जनालाइ अपाङ्गता परिचयपत्र वितरण भएको
- चालू आ.व.मा ४० जना अपाङ्गता भएका व्यक्तिहरुको उपस्थितिमा अन्तराष्ट्रिय अपाङ्गता दिवस अभिमुखीकरण कार्यक्रम सञ्चालन










- चालू आ.व.मा ३३ जना महिला तथा ५५ जना पूरुष गरी कुल ९२ जनालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको, हालसम्म कूल ११३१ जनालाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको



# संञ्चार तथा सूचना प्रविधि

यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा सञ्चालित सम्पूर्ण सूचना प्रविधिसँग सम्बन्धि उपकरणहरुको व्यवस्थापन र जडित नेट्वर्क भित्रका सम्पूर्ण System Monitoring गर्नका लागि यस नगरपालिकाको नव निर्मित प्रशासनिक भवनमा Server Room को व्यवस्थापन गरियो।




नगरपालिका र नगरपालिका अन्तर्गतका १२ वटै वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यामिक विद्यालय र आधारभूत विद्यालय लगायत ७० भन्दा बढी कार्यालयमा उच्च गुणस्तरको फाईबर सहितको इन्टरनेट जडान गरिएको छ, जसले गर्दा खोज अनुसन्धानमा आधारीत भई गुणस्तरीय सेवा प्रवाह गर्न सहजिकरण भएको छ।

यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुलाई एउटै नेटवर्क भित्र ल्याउन र ७० वटै कार्यालयहरुको नेटवर्क व्यवस्थापन गर्न नगरपालिकाबाट प्राईभेट नेटवर्क विस्तार गर्ने कार्य सम्पन्न गरियो।



यस नगरपालिकाले विगतका आ.व हरुमा फाईलिन विधिबाट गरेका ९४४ घर नक्सा पासका सम्पूर्ण कागजातहरुलाई फाईलिङ्ग विधिबाट Digitization मा रुपान्तरण गर्ने कार्य सम्पन्न गरियो जसले गर्दा विवरण अद्यावधिक गर्न सहज भएको छ।

यस नगरपालिकाको नव निर्मित प्रशासनिक भवनमा Smart Notice Board With Nagarik Badapatra जडान गरी यस नगरपालिकाले सम्प्रेषण गर्ने सूचनाहरु प्रकाशन, नगरिक बडापत्र तथा नगरपालिकाले आयोजना गरेका कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण गर्न सकिने गरी Digital Board जडान कार्य सम्पन्न भएको छ।

## कृषि विकास कार्यक्रम



**कृषि औजार वितरण कार्यक्रम**



**व्यावसायिक तरकारी खेती सम्बन्धी तालिमः** ७३१ जना





**उन्नत बीउ वितरण कार्यक्रमः** १०००० के.जी. मकवानपुर-१ तथा ७१४३ के.जी. खुमल ४ धानको बिउ वितरण ।





**कृषि चुन खरिद तथा वितरण कार्यक्रमः** ११० मे.टन कृषि चुन वितरण



**तरकारी खेती कार्यक्रमः** ६८ वटा पक्कि आइरन फ्रेम निर्माण




**माटो परीक्षण तालिम तथा माटो परीक्षण कार्यक्रमः** ६१३ जनाले माटोको नमुना संकलन सम्बन्धी तालिम प्रदान

**आलु बाली पकेट विकास कार्यक्रमः** वडा नं. ६ देखि ११ का ७८६ कृषकका लागि पावर स्प्रेयर वितरण



## पशु विकास कार्यक्रम

- महामारीजन्य रोग विरुद्धको बृहत पशुखोप कार्यक्रम अन्तर्गत खोरेत खोप कार्यक्रमः- ७५२१ गाई, ४८९८ भैसी, १८६१३ बाख्रा, १७० बंगुर गरी कुल ३१२०२
- पशु आहार सेवाः- घाँस विउ तथा विरुवा वितरण- ४५०० के.जी जैघाँस विउ वितरण
- भेटेरिनरी औषधि खरिद तथा वितरणः गाई, भैसी, बाख्रा, बंगुर तथा कुखुरा सहित ३५५९९ पशु वस्तुलाई भेटिरिनरी औषधि वितरण
- रेविज नियन्त्रण कार्यक्रमः- १७६ कुकुरको स्थायी बन्ध्याकरण तथा ४४२ वटा कुकुरलाई रेविज खोप

| सि.नं. | कार्यक्रम / कृयाकलाप | इकाई | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | वार्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल उपचार | संख्या | २९८० | ३८९६ | ५८४३ | १२७१९ | |
| २ | माइनर सर्जिकल उपचार | संख्या | ८६८ | ७८४ | ४९२ | २१४४ | |
| ३ | गायनोकोलोजिकल उपचार | संख्या | ५४१ | ७४६ | ४६४ | १७५१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | परजिवी नियन्त्रण | संख्या | ८९०५ | १०६८४ | ३२९१ | २२८८० | |
| ५ | गोबर परिक्षण | संख्या | ९५३ | ७१३ | ३८१ | २०४७ | |
| ६ | रगत परिक्षण | संख्या | ५ | ११ | ३ | १९ | |
| ७ | कृतिम गर्भाधान सेवा | संख्या | १३६४ | १५६७ | १०२४ | ३९५५ | |
| ८ | गर्भ परिक्षण | संख्या | ९१ | ९५ | ८३ | २६९ | |
| ९ | पि.पि.आर. खोप | संख्या | | १९००० | | १९००० | |
| १० | रेविज खोप | संख्या | २२९ | २०५ | १२ | ४४६ | |
| ११ | लम्पी स्किन खोप | संख्या | | | ६००० | | |


**महामारी जन्य रोग विरूद्ध वृहत पशुखोप कार्यक्रम**


**भेटेरिनरी औषधी तथा उपकरण खरिद तथा क्यान वितरण**

## लम्पी स्किन





# सेवा प्रवाह तथा सुशासन


- गुनासो व्यवस्थापन: हेलो सरकारबाट प्राप्त गुनासो फछ्यौंट-५
- स्वत: प्रकाशन गर्नुपर्ने सूचनाहरु websiteमा प्रकाशन
- सेवाग्राही सन्तुष्टि फारमबाट प्राप्त असन्तुष्टिहरुको सम्बोधन
- जग्गा वर्गीकरण सम्पन्न
- सिमा व्यवस्थापनका लागि समन्वय बैठक
- आवधिक उद्योग अनुगमन
- सहकारी सरोकारका विषयमा कार्यदल गठन तथा कार्यप्रारम्भ
- अन्तरपालिका समन्वय बैठक



सिमा व्यवस्थापनका लागि समन्वय बैठक

तार जालि





स्थानीय भू-उपयोग प्रयोजनका लागि

जग्गा वर्गीकरण-२०७९

मण्डनदेउपुर नगरपालिका
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

जग्गा वर्गीकरण